# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

१ नं. प्रदेश, नेपाल

पत्र संख्या: ०७८/०७९
मिति: २०७८।०५/२८

चलानी नं. ४२५

बिषय: निशुल्क जग्गा प्राप्ति सम्बन्धि सार्वजनिक सूचना ।
(प्रथम पटक सूचना प्रकाशित मिति:२०७८/५/२८)

यस नगरपालिकालाई आधुनिक प्रविधिबाट फोहरमैला ब्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माणका गर्न जग्गा आवश्यक भएकोले तपसिलमा उल्लेखित शर्त बमोजिम निशूल्क जग्गा उपलब्ध गराउन इच्छुक व्यक्ति तथा संघ संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र आफूले उपलब्ध गराउन चाहेको जग्गाको बिवरण सहितको सिलबन्दी दरखास्त पेश गर्न सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु:**

१. निशूल्क उपलब्ध गराइने जग्गाको चार किल्ला, क्षेत्रफल, अवस्थिति तथा प्रकृति देहाय बमोजिम हुनु पर्नेछ ।

देहाय

क) जग्गाको क्षेत्रफल न्यूनतम ७ (सात) रोपनी हुनु पर्ने र भविष्यमा थप जग्गा आवश्यक हुँदा सहज रुपमा उपलब्ध हुन सक्ने सम्भावना रहेको।

ख) पूर्वमा बार्ड नं. ५ को ढुङ्ग्रे खोला हुँदै तलतिर सिस्ने खोला, पश्चिममा लिपेखोला, उत्तरमा विप्लाँटे र दक्षिणमा लोकिल भञ्याङबाट तल अँधेरी खोलादेखि माथि सल्लेरीको रिपिनी, वडा नं. १० बेतिनीको निगाले खोला-दोभान खोलाको माथि नगर प्रवेशद्वार-भ्यूटावर बाट तल आहालडाँडा-असिने खत्रीगाँउ-केराउस्वाँरा हुँदै सिस्नेखोला यति चार किल्लाभित्र अवस्थित हुनु पर्नेछ ।

ग) जग्गा मानव वस्तीदेखि टाढा, बाढी पहिरोको जोखिम नभएको, सडक तथा खानेपानीको पर्याप्त पहुँच पुगेको र विद्युत सेवा विस्तार गर्न सहज सम्भावना भएको हुनु पर्नेछ ।

२. दरखास्तसाथ निशूल्क उपलब्ध गराइने जग्गाको स्वामित्व दर्ता प्रमाण पूर्जा तथा जग्गाधनीको नेपाली नागरिकताको प्रमाण पत्र/ संघ संस्था भए संस्था दर्ता प्रमाण पत्रको स्वप्रमाणित प्रतिलिपि दरखास्त साथ पेश गर्नु पर्नेछ ।

३. निशूल्क उपलब्ध गराउने गरी दरखास्त पेश हुन आएका जग्गाहरुमध्ये कुन जग्गा प्राप्ति गर्ने सम्बन्धमा नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

४. दरखास्त पेश गर्ने अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र दरखास्त पेश गर्न सकिने छ ।

५. यस सम्बन्धमा थप जानकारी लिनु पर्ने भएमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी वा सम्पर्क नम्बरहरु ९८५२८६३१११ र ९८४२९३१२२५ मा सम्पर्क गरी जानकारी लिन सकिने छ ।

प्रवीण कोइराला
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०३७-५२०२१३ email:siddhicharanmunicipality@gmail.com website:siddhicharanmun.gov.np